दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ११० | बुटवल | २०८२ बैशाख ०४, गते बिहिबार | नेपाल संवत ११४५ | Thursday Apr. 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**मौसमी फ्लु रोकथामका उपाय।**

-बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
-खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं।
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं।
-सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं।
-बेलाबेलामा साबुनपानीले हात धुऔं।
-स्यानिटाइजरको प्रयोग गरौं।
-प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
-लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


## शिक्षक महासंघको बैठक आज



बुटवल। सरकारले संसद्को वर्षे अधिवेशन आह्वान गरेपछि शिक्षक महासंघले बैठक बोलाएको छ।

मंगलबार राति सरकारले शिक्षकको माग अनुसार शिक्षा विधेयक पेस गर्ने गरी संसद बैठक आह्वान गरेपछि महासंघले बैठक डाकेको हो।

'बिहीबार बिहान बैठक बस्छौं। त्यसपछि औपचारिक धारणा सार्वजनिक गर्छौं।'- महासंघ सह-अध्यक्ष नानुमाया पराजुलीले भनिन्।

सरकारसँग अहिले कुनै संवादमा नरहेको उनले बताइन्। 'सरकारसँग संवाद छैन। सरकारले संवादको लागि अनुरोध गरेको छ। हामी सरसल्लाह गर्दैछौं।'- उनले भनिन्।

बिहीबार बिहान बैठक बसेर आन्दोलनको समीक्षा र थप रणनीति बनाउने महासंघको तयारी छ। ऐन जारी नभएसम्म आन्दोलन नरोकिने अडान शिक्षकहरूको छ।

महासंघको नेतृत्वमा २० चैतदेखि काठमाडौंमा शिक्षकहरूले आन्दोलन गरिरहेका छन्। शिक्षकको आन्दोलनका कारण सामुदायिक विद्यालयको पठनपाठन ठप्प भएको छ।

## तीन दिनसम्म पानी पर्ने सम्भावना



बुटवल। आज बिहीबारदेखि देशका विभिन्न ठाउँमा पानी पर्ने सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मौसमविद् हरिप्रसाद दाहालका अनुसार बिहीबारबाट देशका विभिन्न ठाउँमा पानी पर्ने सम्भावना छ।

अहिले कृषिबालीहरू भित्राउने समय भएकाले मौसमबारे जानकारी लिएर मात्रै बाली काट्न विभागले अनुरोध समेत गरेको छ। 'दिन तीन देशका विभिन्न ठाउँमा पानी पर्ने सम्भावना छ,' मौसमविद् दाहालले भने-'मौसमबारे जानकारी लिएर मात्रै बाली काट्नुहोला।'

मौसम विभागका अनुसार कोशी प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ। देशको उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्का वर्षा/ हिमपातको सम्भावना रहेको छ।

### नक्कली लाइसेन्स बिक्री प्रकरण :

# नेपालगञ्ज यातायातका कर्मचारीसहित चार जनामाथि अख्तियारको अनुसन्धान




**टिआर शर्मा**
*बुटवल*

लुम्बिनी प्रदेश सरकार मातहतका यातायात कार्यालयबाट नक्कली लाइसेन्स बिक्री गर्ने कार्यमा संलग्न भएको आरोपमा तीनजना कर्मचारी र एकजना व्यवसायीलाई अख्तियारको टोलीले स्टिङ अप्रेशसनमार्फत् नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय टंगाल, बुटवल र नेपालगञ्ज कार्यालयबाट गएको संयुक्त टोलीले बाँके जिल्लाका विभिन्न स्थानबाट चारजनालाई नियन्त्रणमा लिई अनुसन्धान थालेको हो।

पक्राउ पर्नेमा यातायात व्यवस्था कार्यालय नेपालगञ्जका कम्प्युटर अपरेटर शक्ति ठाकुर, सहायक कम्प्युटर अपरेटर (ज्यालादारी) मनोज गिरी, घरेलु तथा सामा उद्योग कार्यालय नेपालगञ्जका नायब सुब्बा मुकुन्दराज केसी र मामा भाञ्जा मोटर ड्राइभिङ सेन्टरका सञ्चालक शरदकुमार गोराथोकीलाई उनीहरूले प्रयोग गर्ने विद्युतीय उपकरणसहित पक्राउ परेका हुन्। उनीहरूलाई पक्राउ गरी अदालतबाट म्याद थप गरेर अनुसन्धान जारी राखिएको अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

'स्टिङ अपरेसन रोकिएपछि पुनः सुरु गरेको यो पहिलो केस (स्टिङ अपरेसन) हो,' प्रवक्ता पौडेलले भने-'नक्कली लाइसेन्स बनाएर बिक्री भइरहेको उजुरी र विशेष सूचनाका आधारमा स्टिङ अपरेसन गर्दा चार जनालाई कम्प्युटर डिभाइस सहित नियन्त्रणमा लिएर थुनामा पठाई अनुसन्धान जारी राखेका छौं।'

आयोगको नेपालगन्ज कार्यालय प्रमुख गणेशप्रसाद अधिकारीले केन्द्रीय कार्यालयले नै अनुसन्धान जारी राखेका हुँदा यहाँबाट बोल्न नमिल्ने प्रतिक्रिया दिए।

स्रोतका अनुसार यातायात कार्यालय नेपालगञ्जका कर्मचारीहरूले नक्कली लाइसेन्स बनाई बिक्री गरी मासिक ३ करोड रुपैयाँ सम्म संकलन गर्ने गरेका छन्। अख्तियारमा यही विवरण उल्लेख गरी उजुरी परेका आधारमा अख्तियारले स्टिङ अपरेसन गरेको बताइन्छ।

अख्तियारले यसअघि पनि देशका विभिन्न यातायात कार्यालयहरूले पछिल्ला वर्षमा वितरण गरेका १ लाख २ हजार शंकास्पद लाइसेन्समाथि विस्तृत छानबिन गर्दै आइरहेको छ।

अख्तियारका अनुसन्धान अधिकारीहरूका अनुसार विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालयहरूले प्रदेश मन्त्रालयसँग सेटिङ गरी नक्कली लाइसेन्स वितरण गर्ने र त्यसवापत करोडौं रुपियाँ उठाउने गरेको भन्ने गुनासा र उजुरीहरू आउने गरेका छन्। तीन तहका सरकार कार्यान्वयनमा आएपछि लाइसेन्स वितरण र यातायातसम्बन्धी अधिकार प्रदेश सरकारमा आएको छ।

नक्कली लाइसेन्स बिक्री गरेर उठाइने करोडौं रकम विभागीय मन्त्री र मन्त्रालयका उच्च तहका कर्मचारीसम्म पुराएर बाँडीचुँडी खाने गरेको आरोप छ।

यातायात व्यवस्था विभागले समेत केही समयअघि गरेको छानबिनमा १० वर्षयता यातायात कार्यालयबाट वितरण गरिएका ३५ लाख लाइसेन्समध्ये एकलाख दुई हजार शंकास्पद देखिएका र त्यसमध्ये ३० हजार लाइसेन्स खारेजी गर्न सिफारिस गरेको थियो। बाँकी ७२ हजार लाइसेन्सका बारेमा थप छानबिन जरुरी रहेको प्रतिवेदनले औंल्याएको थियो। बुटवल, नेपालगञ्जसहित अधिकांश यातायात कार्यालयबाट सयौंको संख्यामा नक्कली लाइसेन्स वितरण भएको सो प्रतिवेदनमा औंल्याइएको थियो।

# कालीगण्डकी-तिनाउ डाइभर्सनबारे आदेशको पूर्णपाठ सार्वजनिक

**एक खर्ब ३८ अर्बको लगानी र १० वर्षमा पूरा हुने आंकलन गरिएको आयोजनाबाट १०७ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ हुने र पाल्पाको दोभानमा ५४ मेगावाट तथा रूपन्देहीको बुटवलमा १२६ मेगावाट क्षमताका पावर हाउस बनाएर वर्षमा एकहजार मेगावाट विद्युत निकाल्ने योजना समेटिएको छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय गौरवको कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाबारे तीन वर्षअघि परेको रिट खारेज गर्ने सर्वोच्चका न्यायाधीशद्वय डा. कुमार चुँडाल र विनोद शर्माको संयुक्त इजलासको आदेशको पूर्णपाठ सार्वजनिक भएको छ।

सर्वोच्चले विद्युत् र सिँचाइजस्ता दिगो विकास लक्षित कार्यक्रम, पानीमात्र पथान्तरण हुँदा शालिग्रामको नास नहुने, नदीजन्य पदार्थको उत्खनन् मापदण्डका आधार तय गरिने, जलचर जोगाउन २० प्रतिशभन्दा बढी पानी छाड्ने प्रावधान, कृषि उत्पादनमा वृद्धि,आन्तरिक प्रतिफल १५.५ प्रतिशत हुने, भावी पुस्ताले कालीगण्डकी नदी अवलोकन गर्न पाओस् भन्दै हचुवा तर्कका आधारमा डाइभर्सन निर्माण कार्य नरोक्नू भनी आदेश दिएको छ।

फैसलाको ४६ नम्बर बुँदामा आयोजना वातावरण संरक्षण ऐन,२०७६ को दफा ९ को बर्खिलाप छ वा छैन ? भन्ने पहिलो प्रश्नको सन्दर्भमा राम्दीभन्दा साढे दुई किलोमिटर तल ड्याम निर्माण गर्ने, पाल्पाको रम्भा गाउँपालिकाको पिपलडाँडा क्षेत्रबाट २७ किलोमिटर सुरुङ खनिने, पाल्पाको तिनाउ-२ दोभानमा पानी झार्ने (दोभानमा निर्माण हुने ड्यामबाट दोभानमा ५४ मेगावाट र वेलवासमा ७२ मेगावाट गरी जम्मा १२६ मेगावाट विद्युत् उत्पादन गर्ने), दोभानबाट बुटवलको बेलवाससम्म फेरि अर्को ७ किलोमिटर सुरुङ बनाएर पानी लगिने, बेलबास पुगेको पानीलाई नहरमार्फत कपिलवस्तुसम्म पुराएर सिँचाइका लागि प्रयोग गर्ने र दोभानबाट तिनाउमा खसालिने पानी बुटवल पूर्वमा सिँचाइको लागि प्रयोग गर्दारुपन्देही र कपिलवस्तु जिल्लाका करिब एक लाख सात हजार हेक्टर जमिनमा सिँचाइ सुविधासमेतको योजना रहेकोले उक्त विषयमा नदी तथा वातावरण संरक्षण र जलस्रोतको बहुउपयोगी विकाससम्बन्धी संवैधानिक र कानूनी व्यवस्थाअन्तर्गत नेपालको संविधानको प्रस्तावनामा 'विकास र समृद्धिको आकांक्षा' भन्ने उल्लेख भएबाट राज्य विकास र समृद्धि गर्नका लागि प्रतिबद्ध रहेको स्पष्ट हुने उल्लेख छ।

संविधानको धारा ३० को उपधारा (३) मा 'राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबिच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको छैन' भन्ने प्रावधानले विकास प्रतिकूल वातावरणलाई प्रवर्धन गर्ने नभई वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राखी अत्यन्त संवेदनशील भई कानून निर्माणका साथै सोको प्रभावकारी कार्यान्वयन गर्दै समयसापेक्ष ढंगमा विकासको माग सम्बोधन गर्न निर्देश गरेको सर्वोच्चको व्याख्या छ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# सम्पादकीय

## जितगढी विजय उत्सवमा गर्नुपर्ने काम

नेपाल-अंग्रेज युद्धमा नेपाली फौजले अंग्रेज फौजलाई पराजित गरेको दिनको सम्झनामा बैशाख ७ गते जितगढी विजय उत्सव भव्य रुपमा मनाइँदैछ। बुटवल उप-महानगरपालिकाले जितगढी उत्सव मनाएर नेपाल-अंग्रेज युद्धको सम्झना मात्रै गरेको नभई बुटवलको पहिचान स्थापित गर्न सफल भएको छ। इतिहासकारहरुका अनुसार, आधुनिक हतियारले सुसज्जित अंग्रेज फौजलाई नेपाली फौजले विसं १८७२ बैशाख ७ गते पराजित गरेको थियो।

जितगढी विजय उत्सवले नेपाली फौजको युद्धमा देखाएको बहादुरी, वीरता, धीरता र कौशलको सम्मान गरेको छ नै, नयाँ पुस्ताका लागि इतिहासबारे जानकारी दिने अवसर पनि भएको छ। केही वर्षअघिसम्म जितगढी ओझेलमा थियो। दशक अघिसम्म फोहर र झारपातले ढाकेको जितगढी किल्ला अहिले आकर्षक भएको छ। नेतृत्वले योजनाबद्ध काम गऱ्यो भने धेरै काम हुनसक्छ भन्ने यसले देखाएको छ। मुलुक संघीय शासन प्रणालीमा गएपछि बुटवल उप-महानगरपालिकामा निर्वाचित नेतृत्वले जितगढीको संरक्षण र पर्यटकीय पूर्वाधारमा योजनाबद्ध विकासको सुरुवात गऱ्यो। बुटवलमा आउने पर्यटकका लागि घुम्नैपर्ने ठाउँ भएको छ, जीतगढी किल्ला। स्थानीय सरकारको नेतृत्वले सम्पदास्थललाई जोगाउँदै पूर्वाधार बनाउन सके पर्यटक प्रवर्धन गर्न सक्छन् भन्ने यो एउटा उदाहरण हो। पहिले कसैले ध्यान नदिएको ठाउँलाई आकर्षक पर्यटकीय गन्तव्य बनाउन सफल तत्कालीन नगरप्रमुख शिवराज सुवेदीको पहलकदमी महत्वपूर्ण छ, त्यसैगरी वर्तमान नगर प्रमुखले अब जितगढीलाई बुटवल आउनेले घुम्नै पर्नेस्थलको सूचीमा राख्ने गरी प्रवर्धन र प्रचारको काममा ध्यानदिनुपर्छ।

अब बुटवलको आकर्षक गन्तव्य जितगढीको प्रचारप्रसार गरी पर्यटक भित्र्याउन सक्नुपर्छ। जितगढी अब राष्ट्रिय अन्तर्राष्ट्रिय आकर्षक पर्यटकीय गन्तव्य बन्छ। त्यसका लागि फूलबारीबाट भारतीय पेन्सन क्याम्प अन्यत्र सार्न किन ढिलाइ भइरहेको छ ? तत्कालीन पाल्पा राज्यका राजा मणिमुकुन्द सेनको दरबारस्थललाई जोगाएर पर्यटक प्रवर्धन गर्नुको साटो भारतीय पेन्सन क्याम्पका लागि उपलब्ध गराउनु सम्पदाप्रति राज्यको नालायकी काम हो। फूलबारी भारतीय पेन्सन क्याम्पलाई उपलब्ध गराएर जितगढीको गौरव गाथा गाएर मात्रै यहाँको पर्यटकीय प्रवर्धन हुन्छ भन्ने भ्रम कसैले नपालौं। जितगढीको सिरानी हो, फूलबारी। सिरानी अरुलाई उपलब्ध गराएर जितगढीको गौरव गाथा जीवन्त रहन सक्तैन्। फूलबारीबाट पेन्सन क्याम्प अन्यत्र सारेर सम्पदास्थललाई पर्यटकीय स्थल बनाउन सके नगरप्रमुख खेलराज पाण्डेको कार्यकालको महत्वपूर्ण काम हुनेछ। पेन्सन क्याम्प अन्यत्र जहाँ पनि हुनसक्छ। फूलबारीमै किन ? रणनीतिक स्थल फूलबारीमा भारतीय पेन्सन क्याम्प बनाउन दिनु पहिले पनि गलत थियो। त्यो गल्तीलाई सच्चाउनुको साटो पुनः थप जग्गा उपलब्ध गराउनु अर्को कमजोरी भयो।

जितगढीको सिरानी फूलबारी कसैलाई हस्तान्तरण नगरौं, महत्वपूर्ण पर्यटकीय स्थलको रुपमा विकास गरौं। सम्पदास्थल जोगाएर राख्दा भावी सन्ततीको लागि अमूल्य उपहार हुन् भन्ने हेक्का राखौँ।

# कुन 'तन्त्र'द्वारा निर्देशित छ आज देश ?



नकुल काजी

भ्रष्टाचार अहिले देशमा सर्वत्र 'अघोषित तर अनिवार्य कानुन'-कै रूपमा पूर्ण उचाइमा उभिएको मानिन्छ। यसले नै आम नागरिक जीवनलाई र अन्ततः देशैलाई रुग्ण बनाइरहेको छ। अहिले प्रथम र सर्वोपरि माग यही पापी भ्रष्टाचारको समूल अवरोपण नै हो। तर, यसको जरो देशको स्थायी सरकार मानिने कर्मचारीतन्त्रको मनप्राण-स्पन्दनसम्म

नेपाली जनमत मूलतः दुई ध्रुवमा विभक्त भइरहेको मौजुदा परिस्थितिमा बहुसंख्यक नागरिक जीवन निर्वाहमै सीमित भइरहेको यथार्थलाई हेरेर नढाँटी भन्नुपर्दा, यो नेपाली इतिहासमा उदित अर्को अक्करिलो सङ्क्रमणकाल हो भन्नैपर्ने हुन्छ। वि.सं. २०४७ देखि यताका घटनाक्रमहरूले कहिले 'प्रजातन्त्र' र कहिले 'लोकतन्त्र' भन्दै आए पनि २०७२ साल असोज ३ गते घोषित संविधानले नेपालको राष्ट्रिय शासन-व्यवस्था 'संघीय लोकतान्त्रिक गणतन्त्र' निर्धारित गरेको हो। तर, शासकीय व्यवहार वा अभ्यासपटमा यो परिवर्तित कालखण्डका कुनै अवस्थामा पनि शासकीय स्वरूप प्रजातन्त्र-लोकतन्त्र र आजको संघीय लोकतान्त्रिक गणतन्त्र अनुकुल हुन सकेको अनुभूति 'राजनीतिक छक्का-पञ्जामा नफसेका' भूईंनेपालीमा समेत छैन !

यहाँ यी तीनै कालखण्डमा पहिला 'पार्टीतन्त्र' र क्रमशः 'नेतातन्त्र' नै पूर्ण-सम्पूर्ण रूपमा हाबी हुँदै आयो। अरू समय परस्पर पोषले उन्मत्त साँढे झैं जुधेर नागरिकलाई लठ्याउने र 'हाम' गर्ने तौजी मिलेका खण्डमा भ्रष्टाचार, बेथिति, कमिशनखोरीमा चोचोमोचो मिलाएर भाग बस्ने 'निर्वाचित तानाशाह' (?) हरू नै उपल्ला नेता जो भइखाइरहेका छन् नै ! यहाँ न प्रजातन्त्रले आफ्नो धर्म निर्वाह गर्न पायो न त लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रले नै। यी सबैखाले व्यवस्थालाई तिनकै सारथिमा समढन्निएका मुखियाहरूको आलोपालो प्रवञ्चनाको दलनले संत्रस्त भई विधान-संविधानका पन्नामा, तिनै मुखिया-डफ्फेदारका, वकवेदान्त सुन्न बाध्य हुँदै आए। प्रजातन्त्रपूर्वका सारा वेदान्त प्रजातन्त्रोत्तर न पार्टीमा रह्यो न त शासनको अभ्यासमै !

अहिलेको विश्वव्यापी परिस्थिति वा भू-राजनीति असहज नभएको अवस्था भएको भए जनमनमा असन्तोष छिप्पिएको विष्फोटनबाट उत्पन्न हुरीले आँधी बनेर देशलाई कोपरिरहेका-चिथरिरहेका सारा विडम्बनाका सूत्रधारहरूलाई उडाइसकेका हुन्थे क्यार ! र, कुनै अरू 'तन्त्र' (जस्तैः 'राजातन्त्र ?' आदि)-ले अराजनीतिक र लोकतन्त्रको शाख भताभुङ्ग पार्ने भालुभुत्ते-अडबांगेहरूका सहारामा बेशरम गतिविधिलाई नै उकास्ने अवसर पाउँथे। त्यसो त, त्यस्तो विश्व-परिस्थिति थियो भने सत्ताधारीको मानु खाएर विरोधी समूहमा 'घुसपैठिया गरिखाइरहेका' लठैतहरूको 'मौसमी जागिर' नै असुरक्षित हुन्थ्यो होला ! देशले अघोषित रूपमा यस्तो जागिरको पनि व्यवस्था मिलाएको हुँदोरहेछ भन्ने अहिले मात्र 'देखी-बुझेको' कहाँ हो र !

आज पूर्वराजालाई प्रतीकको रूपमा अघि सारेर सडकहरूमा जुन धुमधाम मच्चाइँदैछ र जनसहभागिताको जुन रूप देखिँदो छ- यो राजतन्त्रका प्रतिको आस्थाको प्रकटीकरण एकदमै थोर मात्र हो र अत्यधिक चाहिँ लूटले तन्नम बनेको देशका प्रतिको यथायोग्य क्षमताबमोजिमको जानकारी र कष्टकर जीवन-दैनिकी निर्वहनबाट सिर्जित निराशाकृत आक्रोश हो। अथवा, राज्यसत्तामा आजीवन टाँसिइरहने चरम स्वार्थी, 'लोकतन्त्र' शब्दकै विपर्याय र उदरम्भी मनोभावद्वारा निर्देशित तथा स्वार्थसिद्धिका लागि शक्तिमा हावादारी वेदान्त बकेर टिकिरहने अम्मलका दुर्व्यसनीहरूका प्रतिको आक्रोश बढ्ता हो। यो कुरो सरकारमा रहेको तथा 'सत्ताका हकमा हामी नै अपरिवर्तनीय हौं' भन्ठाने पार्टीहरू मिलेर अस्ति १५ गते कसलाई देखाउन र तर्साउन 'जवाफी प्रदर्शन' गरेका हुन् त ?

उपर्युक्त विषयलाई विश्वका लोकतान्त्रिक समाजले कसरी मूल्याङ्कन गर्ला भन्ने लज्जास्पद भावधाराले बौद्धिक कित्ताका नेपाली र नेपालका प्रति स्नेही मित्रराष्ट्रलाई कसो बेचैन तुल्याएको नहोला ! र, भोलि कथंकदाचित आजका सत्ताधारक र 'पालो पर्खेका'-हरूलाई समयको सुनामीले उछिट्याएर किनारा लगायो भने यस्तै असरल्ल स्थिति हेर्दै बस्ने त होलान् नि ! अतः यी सबै आजका अलच्छिना 'राष्ट्रव्यापी ऊहापोह' हेररहँदा यो कलमलाई अथाह अप्ठ्यारो अनुभव भएको छ र सरकार लगायत सत्ताका दाउबाजहरू विरुद्धको विद्रोहले झन ऊर्जा पाइरहेका विश्लेषण गरिरहन मन-मस्तिष्क फतक्क थाकेको अनुभूत हुन्छ !

नेपालको गरीबी बन्धक राखेर विदेशी सहयोग हसुर्नेहरूका लागि अमेरिकी सहयोग नियोग (यूएएड)-को सहयोग रोकिएपछि सो चिथर्न नपाएपछि खरायोको जस्तै दाँत देखाउने बाध्यताको विकल्प छैन होला र नै अनेक योजनाका कुरा उठाएर नागरिकलाई 'वीरबलको खिचडी'-मा अल्मल्याउन थालेका हुनन्। त्यसै त यो गरीब देशको ढाडमाथि २७ खर्ब रुपैयाँ त तिर्नुपर्ने ऋण पुगिसकेको छ।

हालको राजश्व आम्दानीले देशको चालू खर्च धान्न मुश्किल हुने लालित्य त अर्थमन्त्रीले नै गाउन थालेका छन्।

देशको झन्नै एक-तृतीयांश पाखुरे नागरिकले बाध्यतावश विदेशी भूमिमा पिसुल्टिएर दिन गुजार्दै देशलाई उपलब्ध गराइरहेका रिमिट्यान्स नै देशको आर्थिक आँत बन्न गइरहेको दयनीय स्थिति बन्दैछ। शासकमा पालो फेरिरहेका पार्टीका मुखियाहरू भने अढाई-तीन करोडका घडी, पैंतालीस-पचास लाखको चश्मा, डेढ-दुई लाखका पाउपोसले सजिएर सुरक्षा दस्ताले सम्मानित हुँदै सडकमा बग्रेल्ती 'आम जन-वितृष्णा'-लाई, राजदरबारिया पुरोहित-पुत्र रघुजी पन्तजस्ता, 'आँखा दुरुस्त देख्ने' स्वार्थान्धाहरूलाई अघि सारेर गौंडा-गौंडामा जिस्क्याउँदै हिँडिरहेका छन् र सुशासनको मारुनी बनिरहेका छन्। छँदाखाँदाको पुरुष साज-सज्जाले चिटिक्क परेकी स्त्री बन्नु नै मारुनी बन्नु होइन र ? भलै यथार्थ भीरबाट खँदारियोस् न !...

अहिले दुई ध्रुवीय कित्ताका 'पाखुरा सुर्कासुर्की' चलखेलमा नारिइरहेका 'गणतन्त्रवादी' र 'राजातन्त्रवादी'-को उछिनपाछिन् वस्तुतः भूइँनागरिकले बुझिरहेका छैनन् र उनीहरूको यो सिक्सिको लाग्ने मामलामा उत्ति चासो राख्ने ढङ्ग समेत नागरिकको त्यो तप्कासँग छैन। शायद संसारका विकसित राष्ट्रहरूमा समेत, कहीं पनि, भूइँ नागरिकको हैसियत यस्तोभन्दा भिन्न नहोला। वस्तुतः सरकारी र 'सरकारी बन्ने' दौडधूपमा रहेका पार्टीहरूले यही नागरिक अनभिज्ञतामाथि टेकेर आ-आफ्ना गतिविधि टिकाइरहेका हुनन्। तर, नागरिक तप्का पनि अब चिच्याउन उद्यत देखिँदो छ।

भ्रष्टाचार अहिले देशमा सर्वत्र 'अघोषित तर अनिवार्य कानून'-कै रूपमा पूर्ण उचाइमा उभिएको मानिन्छ। यसले नै आम नागरिक जीवनलाई र अन्ततः देशैलाई रुग्ण बनाइरहेको छ। अहिले प्रथम र सर्वोपरि माग यही पापी भ्रष्टाचारको समूल अवरोपण नै हो। तर, यसको जरो देशको स्थायी सरकार मानिने कर्मचारीतन्त्रको मनप्राण-स्पन्दनसम्म फैलिइसकेको छ। गणतन्त्रको अभ्यासक्रममा आएको पार्टीतन्त्र र नेतातन्त्रको भजन-कीर्तनरूपी सोपान नटेकी सो तन्त्रमा रमाएर प्रवेश पाउने साह्रै कम मात्र होलन्- तिनमा पनि अधिक-अधिकांश कुलमान घिसिङको दशामा घँचेटिएका होलान्।

फेरि तिनै भ्रष्टाचारीले रोकडको मेलो मिलाइदिएर राज्यका मुखिया-कार्बारीहरूलाई नवाबी जीवन दिइरहेका खुल्ला-सत्य पनि छताछुल्लै छ- चाहे संविधानतः 'राज्यका मूल मुखिया'-ले सदाचारी र जनमुखी अभ्रष्ट सुशासनको गायत्री जतिसुकै जपुन् ! अतः भनेर वा गनेर साध्य के-के र कता-कता छ र कैरन बखान्नु ! त्यसैले आजलाई, बरु... यत्ति नै !

घटना र विचारबाट

# नेप्से परिसूचक सात अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार सात दशमलव शून्य एक अङ्कले बढेर दुई हजार छ सय ९६ दशमलव २३ को विन्दुमा कायम भएको छ।

तीन सय २९ कम्पनीको एक करोड ६६ लाख ११ हजार पाँच सय ३२ कित्ता सेयर ६४ हजार तीन सय ६० पटक खरिदबिक्री हुँदा रु सात अर्ब २६ करोड ५१ लाख २२ हजार दुई सय ४१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

वित्त समूहको उपसूचक शून्य दशमलव ६७, होटल तथा पर्यटन समूह शून्य दशमलव १६, लगानी शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव शून्य छ र अन्य समूहको उपसूचक एक दशमलव शून्य सात प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा बढी जलविद्युत् समूह एक दशमलव ६३ र विकास बैंक समूह एक दशमलव ११ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ३९, जीवन बिमा शून्य दशमलव शून्य पाँच, म्युचुअल फण्ड शून्य दशमलव ३६, निर्जीवन बिमा शून्य दशमलव ५५ र व्यापार समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ।

कारोबारमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड र बलेफी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी छ दशमलव ८१ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको रु ५९ करोड ४१ लाख ५३ हजार नौ सय ६० बराबरको १९ लाख ५० हजार आठ सय छ कित्ता सेयर किनबेच भएको छ।

# डिप्रेशनः के यो चिन्ताको विषय होइन ?

रोशन पुडासैनी

अनेक त्यस्तो व्यक्ति थियो, जसले जुनसुकै कोठामा पसे पनि वातावरण उज्यालो बनाउन सक्थ्यो। २७ वर्षको उमेरमा, ऊ आफ्नो लोभलाग्दो हाँसो, चनाखो बुद्धि, र त्यस्तो हँस्यौली स्वभावका लागि परिचित थियो, जसले जोसुकैलाई मुस्कान ल्याइदिन्थ्यो। उसका साथीहरूले सधैं भन्थे– ऊ हरेक जमघटको आत्मा थियो, सबैलाई जोड्ने कडी। कलेजमा, सल्लाह, रमाइलो, वा केवल राम्रो समय बिताउन मानिसहरू उसकै नजिक जान्थे। ऊ सामाजिक रूपमा सक्रिय र सबैको प्रिय थियो।

तर एक बिहान संसारले एउटा स्तब्ध पार्ने समाचार पढ्न पुग्यो– '२७ वर्षीय युवकले आत्महत्या गरे।' समाचारमा उल्लेखित नाम थियो अनोक। उसका साथीहरू र परिवारका लागि यो अविश्वसनीय थियो। जीवन्त, हँसमुख र ऊर्जावान व्यक्तिले यस्तो कठोर कदम कसरी उठायो ? सबै स्तब्ध थिए, बुझ्नै सकिरहेका थिएनन्।

प्रहरीले पुष्टि गऱ्यो– यो आत्महत्या थियो। अनोकको हातले लेखिएको एउटा सानो तर डरलाग्दो नोट भेटियो– 'अब म नक्कल गर्न सक्दिन।' यी छ शब्दहरूले जोकोहीको मन कम्पायो। बाहिरबाट हँसिलो देखिने, मायालु साथीहरूसँग घेरिएको, उज्ज्वल भविष्य भएको केटो भित्रभित्रै यति ठूलो पीडा सहिरहेको थियो भन्ने कसैले कल्पना गरेको थिएन।

अनोकका साथीहरूले उसको सम्झनाहरू खोतल्न थाले। हाँसो र रमाइलो त याद आयो नै, तर कहिलेकाहीँ उसको मुस्कान जबरजस्ती जस्तो लाग्थ्यो, वा ऊ चुपचाप भइदिँदा केही भन्न खोजेजस्तो देखिन्थ्यो। संकेतहरू त थिए, तर ऊ यति सफाइसँग आफ्नो दुखाइ लुकाउन सफल भएको थियो कि कसैले त्यतातिर ध्यानै दिएन।

उसको परिवार पूर्ण रूपमा टुट्यो। अनोक नै परिवारको भरपर्दो सदस्य थियो, आमाबाबुको गर्वको कारण, जस्तोसुकै समस्या हल गर्न सक्ने भाइ। अब तिनीहरू आफैंलाई प्रश्न गरिरहेका थिए– 'हामीले कहाँ गल्ती गऱ्यौं ?' उसले छोडेको नोटले कुनै स्पष्टीकरण दिएन, केवल उसको असहनीय पीडाको झल्को मात्र दियो।



**डिप्रेशनः एउटा गम्भीर स्वास्थ्य संकट**

डिप्रेशन (तनाव) आजको विश्वव्यापी समस्या हो। विश्व स्वास्थ्य संगठनका अनुसार, सन् २०२३ मा संसारभर करिब ५ प्रतिशत वयस्क डिप्रेशनबाट प्रभावित थिए। महिलाहरूमा यसको असर बढी देखिए पनि, यो कुनै पनि उमेर, वर्ग वा समुदायका व्यक्तिलाई पर्न सक्छ। अझ भयावह कुरा के छ भने, डिप्रेशन नै आत्महत्याको प्रमुख कारणमध्ये एक हो।

नेपाल पनि यो समस्याबाट अछुतो छैन। सन् २०२२ को नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण अनुसार, नेपालको ४ प्रतिशत जनसंख्याले डिप्रेशनको समस्या भोगिरहेका छन्। यसले देखाउँछ कि नेपालमा मानसिक स्वास्थ्य सेवाहरू, सचेतना र सहयोग प्रणालीहरू आवश्यक छन्। मानसिक स्वास्थ्यबारे खुलेर कुरा गर्नु, सहयोग खोज्न प्रोत्साहित गर्नु, र समाजलाई अझै दयालु बनाउनु अत्यन्त जरुरी छ।

**युवाहरूमा डिप्रेशन र आत्महत्याः एउटा मौन संकट**

युवाहरूमा डिप्रेशन र आत्महत्या बढ्दो समस्या हो, जुन प्रायः अन्तिम समयमा मात्र देखिन्छ। धेरै युवाहरू दुःख, निराशा, र एक्लोपन अनुभव गर्छन्, तर बाहिर मुस्कान देखाएर वास्तविक पीडा लुकाउँछन्। यदि सही समयमा सहयोग नपाए, यो असह्य बोझले उनीहरूलाई आत्महत्यासम्म पुर्याउन सक्छ।

शैक्षिक दबाब, सम्बन्धका समस्या, आर्थिक संघर्ष, र सामाजिक अपेक्षाहरूले युवाहरूलाई बढी संवेदनशील बनाउँछ। सामाजिक सञ्जालले यो समस्या झन् बढाइदिन्छ। अरूको 'सम्पूर्ण' जीवन देखेर आफ्नो जीवनको तुलना गर्दा आत्मविश्वास घट्छ, र एक्लोपन अझैं गहिरिन्छ। साइबर बुलिङ तथा वास्तविक जीवनमा हुने दुर्व्यवहारले पनि युवाहरूलाई असहाय महसुस गराउँछ।

**समाधानः मानसिक स्वास्थ्यबारे खुला छलफल**

मानसिक स्वास्थ्यबारे खुलेर कुरा गर्नु, सहानुभूति देखाउनु, र व्यवसायिक परामर्श सेवासम्म पहुँच पुऱ्याउनु अनिवार्य छ। विद्यालय, कलेज, र समुदायहरूले सुरक्षित वातावरण बनाउनुपर्छ, जहाँ युवाहरू आफ्ना समस्याहरू नडराई खुलस्तसँग शेयर गर्न सकून्।

- मनोसामाजिक परामर्श उपलब्ध गराइनु आवश्यक छ।
- साथी-सहयोगी समूह, सचेतना कार्यक्रम, र मानसिक स्वास्थ्य शिक्षा समावेश गर्नुपर्छ।
- बिहानदेखि साँझसम्म असल साथ दिने परिवार र साथीहरू हुनुपर्छ, जसले परिवर्तन भएको व्यवहार, निराशा, वा एक्लोपनका संकेत चिन्न सकून्।

तिमी एक्लो छैनौ हरेक संघर्ष गरिरहेकाहरूका लागिः तिमी देखिएको छौ, तिमीलाई माया गरिएको छ, र तिमी कहिल्यै एक्लो छैनौ। अहिले जीवन कठिन लाग्न सक्छ, तर उज्यालो दिनहरू अझै बाँकी छन्।

समयमै सहयोग खोज्नु कमजोरी होइन, बरु सबैभन्दा ठूलो साहस हो। हामी सबै मिलेर मानसिक स्वास्थ्यलाई प्राथमिकता दिने हो भने, हामी अनोकजस्ता प्रिय मानिसहरू गुमाउनु पर्ने छैन। सहयोग गरौं, परिवर्तन ल्याऔं, र जीवनलाई रोजौं।

स्वास्थ्य खबरबाट

# जमुनाह नाकामा कडाइ

राँझा (बाँके) । सीमावर्ती भारतीय बजार रुपैडिहामा किनमेल गर्न जाने नेपाली उपभोक्तालाई निरुत्साहित गर्न नेपालगञ्जस्थित जमुनाह नाकामा कडाइ गरिएको छ । दैनिक उपभोग्यलगायत सबैजसो खाद्यवस्तु भारतीय बजारबाट नेपाल भित्रिँदा भन्सार राजस्व र नेपालगञ्जको व्यवसायमा असर पुगेपछि मुख्य भन्सार नाका जमुनाहमा कडाइ गरिएको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले बताए ।

“एक सयभन्दा बढी मूल्यको वस्तु नेपाल ल्याउँदा भन्सार राजस्व तिर्नुपर्ने कानुनी व्यवस्था भए पनि व्यावहारिकताका आधारमा दैनिक उपभोग्य वस्तु आयातमा केही सहुलियत दिँदा भन्सार राजस्व असुली र नेपालगञ्जको व्यापार व्यवसायमा नकरात्मक असर परेकाले कडाइ गरिएको हो”, उनले भने–“राजस्व चुहावट नियन्त्रण गर्दै नेपालगञ्ज भन्सार कार्यालयको राजस्व असुली लक्ष्य हासिल गर्न राजस्व परामर्श समितिको निर्णयानुसार जमुनाहनाकामा कडाइ गरिएको छ ।”

ग्रामीण नाकामा पनि सुरक्षा गस्ती टोलीले नियमित कार्यलाई थप सक्रियताका साथ अगाडि बढाएको उनको भनाइ छ । नेपालगञ्जका व्यवसायीहरूले बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशी र नेपालगञ्ज भन्सार कार्यालय प्रमुख पौडेललाई जमुनाहनाकामा भन्सार कडाइ गर्न पटक–पटक आग्रह गर्दै आएका थिए ।

“भन्सार कडाइ गर्दा सुरुआतमा कतिलाई अप्रिय पनि लाग्ला, ससाना कुरामा पनि किन टाइट गरेको हो भनेर गुनासो पनि आउन थालेको छ । एक बोरा चिनी, एक बोरा चामलमा पनि राष्ट्रिय कर छ”, बाँकेका प्रमुख जिल्ला अधिकारी जोशीले भने–“नेपालकै खान्छु बरु कम खान्छु भनेर यतैको किन्न थाल्यौँ भने यहीको व्यापार फस्टाउँछ, त्यसैले हामीले भन्सारलाई अलिकति टाइट गर्न खोजेका छौँ ।”

नेपालगञ्ज भन्सार कार्यालयले विगतका आर्थिक वर्षमा लगातार निर्धारित लक्ष्य हासिल गर्न सकेको छैन । गत आवमा लक्ष्य हासिल नभएपछि नेपालगञ्ज भन्सार कार्यालयको लक्ष्य चालु आर्थिक वर्ष २०८१/०८२ का लागि गत आवको तुलनामा रु एक अर्ब घटाइएको थियो । गत आव २०८०/०८१ का लागि रु २८ अर्ब ६६ करोड २५ लाख ३५ हजार लक्ष्य निर्धारण भएकामा घटाएर चालु आवमा भन्सार असुली लक्ष्य रु २७ अर्ब १८ करोड ३५ लाख ८९ हजारमा झारिएको थियो ।

यद्यपि गत आवमा रु १८ अर्ब १५ करोड ७२ लाख ३९ हजार भन्सार राजस्व असुली भएको अवस्थामा लक्ष्य भने चालु आवका लागि रु २७ अर्ब बढी तोकिएकाले चालु आवमा पनि भन्सार लक्ष्य हासिल गर्न चुनौती देखिएको छ ।

नेपालगञ्ज भन्सार कार्यालयले आर्थिक वर्ष २०८१/०८२ साउनदेखि फागुनसम्म रु १२ अर्ब ६५ करोड ९६ लाख राजस्व सङ्कलन गरेको छ । यो आवमा रु २७ अर्ब १८ करोड ३५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको नेपालगञ्ज भन्सार कार्यालयले प्रतिशत हिसाबले आठ महिनामा ४६ दशमलव पाँच प्रतिशतमात्र राजस्व सङ्कलन गरेको नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख पौडेलले जानकारी दिए ।

# छत्तीस करोड लागतमा फोहर व्यवस्थापन गर्दै बागलुङ



बागलुङ । बागलुङ नगरपालिकाले नगरभित्रको फोहरलाई स्रोतबाटै सङ्कलन गर्ने र ल्यान्डफिल्डसाइटमा प्रोशोधन गरेर बिक्री गर्ने योजना कार्यान्वयनमा ल्याएको छ ।

नगरपालिकाले नगर क्षेत्रमा सङ्कलन हुने फोहरलाई पुनः प्रयोग र अन्य फोहरलाई प्रशोधन गर्नेगरी नमूना ल्यान्डफिल्डसाइट निर्माण गरिसकेको छ । आधा दशकदेखिको फोहर व्यवस्थापनको समस्या दीर्घकालीन रूपमा समाधान गर्न नगरपालिकाले फोहर प्रशोधनको जिम्मा समानता अभियान नेपाललाई दिएको हो ।

फोहर व्यवस्थापनमा चुनौती व्यहोरिरहेको नगरले समानता अभियान नेपालसँग फोहर व्यवस्थापनको सम्झौता गरेको नगरपालिका प्रमुख वसन्तकुमार श्रेष्ठले बताए । उनका अनुसार स्रोतबाटै फोहर सङ्कलनका लागि बजारभरि १५ हजार डस्विन वितरण गरिएको छ ।

समानता अभियानका चन्द्रकान्त पौडेल र बागलुङ नगरपालिका प्रमुख श्रेष्ठले रु ३६ करोड ७७ लाख लागतमा नमूना फोहर प्रशोधन केन्द्र निर्माणका लागि सम्झौता गरेको नगर कार्यालयले जनाएको छ ।

नगरपालिकाले पाँच प्रतिशत र अभियानले ९५ प्रतिशत आर्थिक भार व्यहोर्दै फोहर व्यवस्थापन गर्न रु ३६ करोड ७७ लाख खर्च हुने छ भने प्रशोधनबाट निकालिएको फोहरबाट अत्यावश्यक तथा घरायसी सामग्री बनाउन सकिने श्रेष्ठको भनाइ छ । हाल फोहर फालिएको बागलुङ–१ स्थित मालढुङ्गामा व्यवस्थापन गरिने बताउँदै उनले प्रशोधन गरिएको फोहर व्यवस्थापन केन्द्रलाई अध्ययन अवलोकन तथा पर्यटकीयस्थलका रूपमा विकास गरिने जानकारी दिए ।

केन्द्रका लागि तत्काल चाहिने केही उपकरण र सवारीसाधन अभियानबाट सङ्कलन गरिने नगरप्रमुख श्रेष्ठले जानकारी दिए । फोहर व्यवस्थापन गर्दा डम्पिङसाइट दुर्गन्धित नहुने, पुनः उपयोग गरेर फोहरबाटै पैसा कमाउन सकिनेलगायत लक्ष्य राखिएका उनले बताए ।

“फोहर व्यवस्थापनको चुनौती बढिरहेको सन्दर्भमा नगरपालिकाले साझेदार निकायसँग मिलेर काम गर्न थालेको छ, नगरपालिको रु दुई करोड लागतमा फोहर प्रशोधन केन्द्र निर्माण गरिसकेको छ, फोहर प्रशोधनको काम यथाशीघ्र सुरु हुन्छ”, श्रेष्ठले भने–“फोहर प्रशोधन केन्द्र अब दुर्गन्धरहित बनाएर पर्यटकीय केन्द्रका रूपमा विकास गर्नेछौँ ।”

नगरपालिकाले यसअघि तीन प्रकारका बाल्टिन दिएर फोहर सङ्कलनको काम थालिसकेको छ । ती फोहर कसरी सङ्कलन गर्ने भन्नेबारेमा बालबालिकाको इको क्लब गठन गर्ने, अभिभावकलाई सचेतना बढाउने काम पनि गरिने नगरप्रमुख श्रेष्ठले बताए । आगामी दिनमा प्रदूषणरहित नगर बनाउने, बायोग्यास प्लान्ट निर्माण र फोहर व्यवस्थापन नजिकै स्विमिङ पुल बनाउने योजना रहेको उनले उल्लेख गर ।

उक्त स्थानमा तीन खण्ड बनाएर कुहिने, नकुहिने, सिसाजन्यलगायत खतरा फोहरको व्यवस्थापन गर्न केही संरचनासमेत नगरपालिकाले बनाइसकेको छ । विसं २०५४ देखि नगरपालिकाले एक दशकसम्म कालीगण्डकी किनारमा फोहर फालेको थियो । कुहिने र नकुहिने फोहर एकै ठाउँमा फाल्दा यहाँको १० रोपनी जग्गा भरिएको थियो । कुहिने फोहर कम्पोस्ट मल बनाउने र नकुहिने प्लास्टिकजन्यलाई पुनः प्रयोगमा पठाउने लक्ष्य राखिएको नगर कार्यालयले जनाएको छ ।

## कालीगण्डकी...

त्यस्तै, धारा ५१ (छ) को १ मा ‘राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगोरूपमा उपयोग गर्ने’ भन्ने नीतिगत प्रावधानले दिगो विकासको अवधारणालाई आत्मसात गरी प्राकृतिक स्रोत साधनको प्रयोग गर्नमा विशेष जोड दिनुका साथै धारा ५१ (छ) को ५० मा ‘जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाइ औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पन्छी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने” नीतिगत व्यवस्थाले वातावरण र विकासका कार्यहरू सन्तुलितरूपमा सञ्चालन गर्नुपर्ने विषयलाई प्राथमिकतामा राखेको स्पष्ट भएकोले उपर्युक्त संविधानको प्रस्तावना र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसमेतले नेपालमा विकास र वातावरणबीच सन्तुलन कायम गर्दै समृद्धितर्फ उन्मुख हुने राज्यको उद्देश्यलाई उजागर गरी विकासको लागि वातावरण र प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोगलाई संवैधानिक मान्यता प्रदान गरेको देखिन आएको फैसलामा आधार बनाइएको छ ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा ९ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेयषण गर्नुपर्नेछ” भन्ने व्यवस्था रहेको र वातावरण संरक्षण नियमावली, २०७७ को नियमावलीको नियम १० को उपनियम (१) मा नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयले ऐनको दफा ९ को उपदफा (१) को प्रयोजनको लागि रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने नीति, कार्यक्रम वा आयोजनाको सूची तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नुपर्ने जनाइएको छ ।

फैसलामा वातावरण संरक्षण र सम्वर्दनका नीतिगत व्यवस्था गरेको पाइएकाले प्रस्तुत कालीगण्डकी–तिनाउ डाइभर्सन बहुउद्देशीय आयोजनाका सम्बन्धमा आव २०६५/०६६ मा आयोजना पहिचान भई आयोजनाको पूर्व सम्भाव्यता अध्ययन वि.सं २०६८ साल आषाढमा भएको र वि.सं २०७७ साल पौषमा विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न अघि बढेकोले बाँध क्षेत्र र माथिल्लो सम्भावित डुवान क्षेत्रको डिटेल सर्भे गर्नुपर्ने, बाँध र सुरुङको विभिन्न ठाउँहरुमा थप कोर ड्रिलिङ (खाडल) खनी भौगर्भिक अध्ययन गर्नुपर्ने, कालीगण्डकीमा पानीको उपलब्धता सम्बन्धमा थप अध्ययन गर्नुपर्ने र सोको लागि बाँध क्षेत्रमा गेजिङ स्टेसन राखी कम्तीमा २ वर्षको डाटा लिनुपर्ने, सिँचाइ क्षेत्रको डाटा अध्यावधिक गर्नुपर्ने विषयसमेत उल्लेख गरिएको छ ।

फैसलामा कालीगण्डकी–तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा सो आयोजनाबाट नदी तटीय क्षेत्र, जीवजन्तु, जलचर तथा भूमिमा पर्नसक्ने नकारात्मक प्रभाव एवम् असरको उचित मूल्यांकन गरी उक्त नदीमा आश्रित जीवजन्तु, जलचरलाई प्रतिकूल प्रभाव नपर्ने साथै सो क्षेत्र आसपासको भूमि समेत सुख्खा नहुने गरी कार्य गर्नुका साथै प्राविधिक मूल्यांकन गरी आवश्यक परेको खण्डमा कालिगण्डकी नदीमा २०५ वा बढी क्युसेक पानी समेत साविक नदीमा छोड्ने व्यवस्था मिलाउनुपर्ने, आयोजनाबाट कालीगण्डकी नदी र त्यहाँको नदीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग हुने गरी तथा कालिगण्डकी नदीको अवलोकन तथा अनुभूत भावी पुस्ताले समेत गर्न पाउने गरी सो आयोजना निर्माण तथा संचालन गर्नुपर्ने, फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहोरमैलाको सङ्कलन, प्रशोधन तथा अन्तिम विसर्जनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको क्रमिक रुपमा निर्माण तथा सञ्चालनका लागि उचित व्यवस्था गरी उत्पादित तथा संकलित फोहरमैला कालीगण्डकी नदीमा प्राविधिक दृष्टिकोणले भारवहन क्षमता भन्दा अधिक रुपमा विसर्जन गर्ने लगायतका नदी प्रदुषण हुने कार्य नगर्न फैसलामा उल्लेख गरिएको छ ।

आयोजनाअन्तर्गत कालीगण्डकी नदीको पानी डाइभर्सन गर्ने सरकारको निर्णयविरुद्ध तीन अधिवक्ताले सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए । वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ताद्वय तुलसीराम पोखरेल, अदिता कार्की र एपेक्स कन्ट्रक्सन प्रालिले यो आयोजना रोक्न माग गर्दै सर्वोच्चमा रिट दर्ता गरेका थिए ।

उनीहरुले आयोजना रोक्न तथा यो नदीबाट गिट्टीढुंगा, बालुवा निकाल्न रोक लगाउन माग गरेका थिए ।

आयोजनाले लुम्बिनी प्रदेशका पाल्पा, गण्डकीको स्याङ्जा र तनहुँसम्म १० वटा स्थानीय तहको भौगोलिक क्षेत्रमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्ने भन्दै विरोध भएको थियो ।

यो आयोजना दुई प्रदेशबीचको प्रतिष्ठाको विषय बनाउन खोजे पनि सर्वोच्चले त्यसको निकास दिएको हो । यो डाइभर्सनको चर्चा २०६४ सालको पहिलो संविधानसभा चुनावदेखि सुरु भएको थियो ।

२०७८ सालमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले कालीगण्डकी डाइभर्सन परियोजनाको कार्यालय बुटवलमा स्थापना गरेर उद्घाटन गरेका थिए ।

१० वर्षमा पूरा गर्ने १३८ अर्बको लगानी हुनसक्ने आंकलन गरिएको यस आयोजनामा सिंचाइ सुविधा र विद्युत् निकाल्ने लक्ष्य राखिएको छ । १०७ हजार हेक्टर खेतीयोग्य जमिनमा सिंचाइ हुने र पाल्पाको दोभानमा ५४ मेगावाट र रुपन्देहीको बुटवलमा १२६ मेगावाट क्षमताका पावर हाउस निर्माण गरेर वर्षमा १ हजार मेगावाट विद्युत निकाल्ने योजना यसमा समेटिएको छ ।

रुपन्देहीका बुटवल, भैरहवा, लुम्बिनीसहितका शहरहरुमा जनघनत्व बढ्दै जाँदा यहाँको सबैभन्दा ठूलो जलस्रोत मानिने तिनाउ नदीमा पानीको सतह घट्दै गएपछि यसको सभ्यता, सिँचाइ र तराईमा भूमिगत जलस्रोतको संरक्षणका लागि यो आयोजनाको परिकल्पना गरिएको हो ।

प्रस्तावित योजनाअनुसार पाल्पाको रम्भा गाउँपालिकाको पिपलडाँडा क्षेत्रबाट २७ किलोमिटर सुरुङ खनेर पाल्पाको दोभानमा पानी झारिनेछ ।

दोभानबाट बुटवलको वेलवाससम्म फेरि अर्को ७ किमि सुरुङ बनाएर पानी त्यता लगिनेछ । यसले रुपन्देहीका सबै र कपिलवस्तुको सिंचाइको साथै अन्य आयोजना सञ्चालन गर्ने योजना अघि सारेको छ ।

**INVITATION FOR BIDDING FOR CGI ROOF COVER PROJECT**

**(Tender Ref.: GWT(N)/IFB/2024/25_023)**

**First Publication Date: 17 April 2025**

The Gurkha Welfare Trust Nepal (GWTN), the field arm of Gurkha Welfare Trust UK, a registered charitable Trust working particularly for the Ex-Gurkha veterans and their wider communities across Nepal needs to carry out a construction project for Open Terrace CGI Sheet Roof Cover at Area Welfare Centre (AWC) Butwal (Second Floor) as per the given Bill of Quantities (BoQ), Design & Drawings and Specification. Interested eligible Contractors/Fabricators are invited to submit a competitive sealed bids for the same However Joint Venture (JV) Companies are not allowed to participate in this procurement.

| Project | CGI Sheet Cover Roof Area | Building Type |
|---|---|---|
| Fabrication, Supply, Delivery and Erection of various Metal Works (Metal Posts, Truss, Purlin, Eaves board, & CGI Sheet Roofing) including Civil works as per the given BoQ. | 445 sq.m | Double Storey RCC Building |

Bid documents are available upon successful payment of **NPR 3,000.00** (In words Nepalese Rupees Three Thousand only) (non-refundable) till **01 May 2025 (17:00hrs)** through Bank Deposit/Transfer. All completed sealed bids (hardcopy with proper wax seals) along with required documents should be submitted to Procurement Department, HQ GWT Nepal, British Gurkhas Pokhara on or before **02 May 2025 (1600hrs)** at the latest.
For further details, please log on to **https://www.gwt.org.uk/nepal/tenders/** and contact at the following address.

गोर्खा वेल्फेयर ट्रष्ट

**The Gurkha Welfare Trust Nepal**
**British Gurkhas Pokhara**
**Tallo Deep-16, Pokhara, Kaski, Nepal**
**Telephone: 061-567327, 567233**
Email: Procurement@gwtnepal.org

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

विष्णु पाध्यायको छोरी, टिका बहादुर थापाको छोरा बुहारी, डोर बहादुर थापाको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला, मालिका गाँउपालिका वडा नं. ०२ बस्ने गायत्री थापाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१७११ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०६/२८ मा निज खातावाला गायत्री थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने टोप वहादुर थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक गायत्री थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल NEPAL
**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९–५२१०२९, फ्याक्स ०७९–५२११९४**

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

भूपाल महतको छोरी, तुल्सीराम घर्ती क्षेत्रीको छोरा बुहारी, भीम वहादुर घर्तीको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला, इस्मा गाँउपालिका वडा नं. ०५ बस्ने तारा घर्तीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०५४४५ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०८/२२ मा निज खातावाला तारा घर्तीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने कृष्ण वहादुर घर्ती क्षेत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक तारा घर्तीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल NEPAL
**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९–५२१०२९, फ्याक्स ०७९–५२११९४**

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

लीलामनी खत्रीको नाति, लाल सिंह खत्रीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला गुल्मीदरबार गाउँपालिका वडा नं. ०७ बस्ने सेर वहादुर खत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४१४०६१५२ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०७/१९ मा निज खातावाला सेर वहादुर खत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने मिनाकला खत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक सेर वहादुर खत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल NEPAL
**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९–५२१०२९, फ्याक्स ०७९–५२११९४**

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

लालु जोगी कवरको नाति, गुमान सिंहको छोरा लुम्बिनी प्रदेश प्यूठान जिल्ला गौमुखी गाउँपालिका वडा नं. ०५ बस्ने वोम बहादुर जोगी कवरले यस शाखामा बचत खाता नं. २०९१५२४०३०५१०६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०१/०९ मा निज खातावाला वोम बहादुर जोगी कवरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने खौलाल कवरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक वोम बहादुर जोगी कवरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेतसूचित गरिन्छ ।

नेपाल NEPAL
**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९–५२१०२९, फ्याक्स ०७९–५२११९४**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३, ९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# बुटवल-नारायणगढ सडक विस्तारको काम तीव्र



बुटवल । पूर्व पश्चिम राजमार्गअन्तर्गत नारायणगढ-बुटवल सडकखण्ड विस्तारका काम मध्ये पुर्वी खण्डमा ६३ प्रतिशत काम

भएको छ । सवारी चालक र यात्रुले ४ वर्षदेखि सास्ती झेल्दै आएकामा अहिले भने सडक विस्तारको कामले गति लिँदा दाउन्ने बाहेकको क्षेत्रमा यात्रा सहज हुँदै गएको छ ।

११३ किलोमिटर लामो नारायणगढ-बुटवल सडकखण्डलाई दुई भागमा विभाजन गरी सडक विस्तारको काम थालिएको थियो । नारायणगढदेखि दाउन्नेसम्म पूर्वी खण्ड (६५ किलोमिटर) र दाउन्नेदेखि बुटवलसम्म पश्चिम खण्ड (४९ किलोमिटर) मा बाँडेर गरिएको विस्तारको कामले चालु वर्षको पछिल्लो तीन महिनामा अपेक्षाकृत भौतिक प्रगति भएको आयोजनाले जनाएको छ ।

ठेकेदार कम्पनी चाइना कन्स्ट्रक्सन प्रालिले दुवै खण्ड १६ अर्ब ९९ करोड रुपैयाँमा सडक विस्तार गर्ने गरी ठेक्का पाएको थियो । आयोजनाको पश्चिम खण्डभन्दा पूर्वी खण्डको भौतिक प्रगति राम्रो छ । आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी शिव खनालका अनुसार पछिल्लो तीन महिनामा पूर्वी खण्डको कुल भौतिक प्रगति अहिले ६३ प्रतिशतको हाराहारीमा छ ।

पश्चिम खण्डको भौतिक प्रगति ६१.८ प्रतिशत रहेको आयोजना प्रमुख शंशाक मिश्रले जानकारी दिए । पश्चिम खण्डमा पनि पछिल्ला तीन महिनामा भौतिक प्रगति निकै बढेको आयोजनाले जनाएको छ ।

गत पुसको पहिलो हप्तादेखि मात्रै निर्माण कम्पनीले देखिने गरी फिल्डमा काम थालेको थियो । गत असार मसान्तसम्म पूर्वी खण्डको प्रगति ५१ प्रतिशत मात्रै थियो । ६३ किलोमिटर लामो पूर्वी खण्डमा पुल बाहेक १० किलोमिटर मात्रै एकतर्फी कालोपत्रे हुन बाँकी छ ।

पिच हुन बाँकी १० किलोमिटरमध्ये ६ किलोमिटर कालोपत्रे गर्न तयारी अवस्थामा छ । गत असार मसान्तसम्म पूर्वी खण्डको प्रगति ५१ प्रतिशत मात्रै थियो । ६३ किलोमिटर लामो पूर्वी खण्डमा पुल बाहेक १० किलोमिटर मात्रै एकतर्फी कालोपत्रे हुन बाँकी छ ।

चैतको अन्तिममा परेको पानी र नयाँ वर्षका कारणले कालोपत्रे गर्न केही ढिलाइ भएको हो नभए अहिलेसम्म ६ किलोमिटर पनि कालोपत्रे भइसकेको हुने थियो । 'बैशाखको पहिलो हप्ताभित्र नै यो कालोपत्रे सकिन्छ,' सूचना अधिकारी खनालले भने-'पछिल्लो तीन महिनाको अवधिमा १ अर्ब ७ करोडको काम भएको छ ।'

उनका अनुसार पूर्वी खण्डका ३४ पुल मध्ये २७ वटा पुल बनेर सकिएका छन् । ४ वटा पुल निर्माण सकिन लागेका छन् भने ३ वटा पुल निर्माणाधीन अवस्थामा नै छन् । चोरमारा, अरुणखोला र दुम्कीबास क्षेत्रका ठूला पुलको काम जारी छ ।

बर्खा अगाडि नै पूर्वी खण्डको यात्रा सहज बनाउने गरी आयोजनाले काम गरिरहेको सूचना अधिकारी खनालले बताए । दाउन्नेमा बर्खा अगाडि नै यातायात सहज बनाउन भन्दै आयोजनाले सडक नै रातको समयमा बन्द गरेर भित्ता कटिङ्ग, सडक नाली निर्माण तथा रिटेन्सनवालको काम गरिरहेको छ । बैशाख १५ गतेसम्म रातको समयमा सडक बन्द गरेर सडक विस्तारका कामलाई गति दिने र बर्खा अगाडि यात्रा सहज बनाउने उद्देश्य अनुरुप तीव्र गतिका काम भैरहेको सूचना अधिकारी खनालले जानकारी दिए ।

सडकको हाल रहेको दुई लेनलाई बढाएर चार लेन र बजार क्षेत्रमा छ लेन बनाउने गरी सडक विस्तार तथा स्तरोन्नति गरिएको हो । २०७५ चैत ८ मा सुरु भएको सडक विस्तारका काम २०७९ साउन २२ भित्र सकिनुपर्नेमा कोभिड महामारी, रुख कटान, विद्युत् पोल सार्न ढिलाइ, खानेपानीको पाइपलाइन, स्थानीय अवरोध, मजदुरका समस्या, ठेकेदार कम्पनीको कारणले निर्माण पूरा हुन सकेन ।

२०८० साउन ११ सम्म पहिलोपटक, २०८१ साउन ८ गतेसम्म दोस्रोपटक र २०८२ साउन ८ सम्मका लागि तेस्रोपटक म्याद थप गरिएको छ । तेस्रोपटक थपिएको अवधिमा पनि सडक विस्तार पुरा हुन सक्ने देखिएको छैन । तर, यात्रा भने सहज बनाउने तयारीमा आयोजना लागेको छ ।

# 'चालक र मजदूरको हितमा कोषको योगदान महत्वपूर्ण'



बुटवल । सवारी दुर्घटनापछिको ठूलो सम्भावित आर्थिक क्षतिबाट चालक तथा मजदूरहरुलाई बचाउन यातायात मजदूर तथा व्यवसायी भलाई कोषले महत्वपूर्ण योगदान पुऱ्याएको सरोकारवालाहरुले बताएका छन् ।

यातायात मजदूर तथा व्यवसायी भलाई कोष बुटवलको ५१औं स्थापना दिवस तथा ४६औं वार्षिक साधारणसभाका अवसरमा बोल्दै उनीहरुले सम्भावित ठूलो आर्थिक नोक्सानीबाट सर्वसाधारणलाई मारमा नपार्न भलाई कोषले ठूलो योगदान पुऱ्याएको बताएका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै कोषका पूर्वध्यक्ष तथा भूमि समस्या समाधान आयोग रुपन्देहीका अध्यक्ष कुमार थापाले सवारी दुर्घटना र यसको कारण मजदुरहरुलाई पर्ने कानुनी र अन्य समस्याहरुलाई समाधान हुने गरी अग्रजहरुबाट यो स्थापना भएको बताए ।

मजदुरबाट चलाएको संस्था आफ्नो कार्यकालमा व्यवसायीहरुलाई समेत समेट्ने गरी विधान संशोधन गरिएको स्मरण उनले गरे । संस्थाको सदस्यता र नामाकरण समयसापेक्ष परिवर्तन हुँदै आएको इतिहास कोट्याउँदै उनले भविष्यमा संस्थालाई चलायमान बनाउन परिवर्तन हुँदै उत्कृष्ट संस्थाका रुपमा चिनिने गरी अघि बढ्ने बताए ।

सवारीको सिण्डिकेट र आलोपालोको विषयमा सरकार र यातायात ब्यवसायीहरु सही ढंगबाट आम नागरिकलाई बुझाउन चुकेको उनले बताए । संस्था आफ्नो स्वाभिमान र हैसियत अनुसार अघि बढेको थापाले बताए । देशमा भैरहेको विकासको गति र सडक बिस्तारमा भएको ढिलाइबारे उल्लेख गर्दै उनले सरोकारवाला निकायहरुले दबाब दिन जरुरी रहेको बताए । कार्यक्रममा संस्थाका अध्यक्ष दिनेश फुल्लेलले मजदुर र व्यवसायीहरुको हकहितमा संस्थाको महत्वपूर्ण योगदान रहेको बताए । उनका अनुसार पछिल्लो पल्ट भलाई कोषले नेपालगञ्ज र पोखरामा शाखा कार्यालय स्थापना गरेको छ । देशभर २८ वटा शाखा र ६८ जना कर्मचारी मार्फत कार्यसम्पादन भैरहेको पनि उनले जानकारी दिए । आव २०८१/२०८२ मा विभिन्न प्रकृतिका जीवित २४० र निर्जिव ६५५ गरी ८९५ दुर्घटनामा सवारी साधनलाई आर्थिक, नैतिक र भौतिक सहयोग गरेको उनले बताए ।

कार्यक्रममा नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले भलाई कोष यातायात व्यवसायीहरु माझ आफ्नो योगदानकै कारण छुट्टै पहिचान बनाउन सफल संस्था भएको बताए । मजदुरको हितमा काम गर्ने गरी स्थापना भएको संस्था बिस्तारै व्यवसायीहरुलाई समेत समेटेर विधान संशोधन गरी नयाँ ढंगबाट अगाडि बढ्दा सफल भएको उनले बताए ।

कार्यक्रममा पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले यातायात व्यवसायीहरुको पीडा र समस्या समाधान सफलतापूर्वक गरेको हुँदा नै संस्थाको गरिमा समुदायमा उच्च रहेको बताए । संस्थाको नेतृत्वबाट भएको खटनपटन र जिम्मेवारीबाट कार्यसम्पादन महत्वपूर्ण रहने उनले बताए ।

कार्यक्रममा पूर्वअध्यक्ष चिनबहादुर गुरुङले संस्थाको स्थापनामा संस्थापक अध्यक्ष स्वर्गीय राजेन्द्र श्रेष्ठको योगदानबारे चर्चा गर्दै यसलाई चलायमान बनाउन निरन्तर यातायात व्यवसायी र मजदुरहरुको योगदान रहेको बताए । सीमित घेरामा रहेको संस्थाको क्षेत्र र सेवा बिस्तार गरेर सेवाग्राहीहरुको मन जित्न सफल भएको उनले दाबी गरे ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, पूर्वअध्यक्ष दिल बहादुर थापा, बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका महासचिव मुक्ति अधिकारी, नेकपाका केन्द्रीय सदस्य शरद ओली, रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्ण पराजुली, नेपाली कांग्रेस जिल्ला कोषाध्यक्ष तथा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्याल, पेट्रोलियम डिलर्श एशोसिएशनका अध्यक्ष हिमाल गैरे, रुपन्देही व्यापार संघका वरिष्ठ उपाध्यक्ष प्रकाश ढकालगायतले सडक दुर्घटना न्यूनीकरणका लागि संस्थागत रुपमा तालिम र अभिमुखीकरणलाई जोड्न आग्रह गरे ।

कार्यक्रममा सवारी साधनमा लामो सेवा गरी ५८ वर्ष उमेर हद पार गरेका चालक पशुपति खरेललाई आर्थिक सहयोग गरिएको छ । यसैगरी सवारी दुर्घटनामा मृत्यु भएका कृष्णलाल मरासिनीको परिवारलाई ५० हजार रुपैयाँबाट सम्मान गरिएको छ । साधारणसभाले अध्यक्ष दिनेश फुल्लेल, महासचिव योग गुरुङ र कोषाध्यक्ष प्रकाशकुमार नेपालको प्रतिवेदन पारित गरेको छ ।

**७६ जनाद्वारा रक्तदान**

यातायात मजदुर तथा व्यवसायी भलाई कोषले आफ्नो ५१औं स्थापना दिवस तथा ४७औं वार्षिक साधारणसभाको अवसरमा रचनात्मक कार्यक्रम गरी मनाएको छ ।

# थर बदल्दै दलितहरू विदेश पलायन, सम्मानजनक जीवनमा रमाउँदै



**गुल्मी संवाददाता**
*गुल्मी*

केही दशकअघि नागरिकता बनाउने क्रममा कतिपय दलितका नाम र थर 'कुकुर्नी कमिनी, भैंसे कामी, राते दमाई, सेते सार्की, डल्ले सुनार, गाने सुनार' आदि.. राखिएका उदाहरणहरु भेटिन्छन् । कतिपय कर्मचारीले यस्ता अपमानजनक नाम र थर नबदली लेखिदिने गरेका कारण दलितहरुले आफू हेपिएको र अपहेलित भएको महसुस गरेका छन् । अहिले दलित समुदायका थुप्रै नव पिढीहरु आफ्नो नाम थर बदल्न बाध्य छन् । नाम थर मात्रै होइन आफूले पढ्ने स्कुल छाड्न समेत बाध्य छन् । तिनै पात्रहरु मध्येका एक हुन्, गुल्मीको मुसिकोट नगरपालिका- ३ का सुरेन्द्र सुनार । सबै खाले विभेद सहन नसक्ने स्वभावका उनले गुल्मीको रेसुङ्गा नगरपालिका-९ स्थित उपल्लो तम्घास माध्यमिक विद्यालयमा पढ्न चाहेनन् । सुनार थर नबदलेसम्म अर्को विद्यालयमा पढ्न पनि चाहेनन् । अन्ततः उनले आफ्नो बुबा प्रेमबहादुर सुनारलाई आफुहरुको पुर्ख्यौली थर कायम गराउन दबाब दिए । बुबा जिल्ला प्रशासन पुगेर 'सुनार' थर बदलेर 'खड्काथोकी' थर राखेर नयाँ नागरिकता बनाए । सोही अनुरुप उनका छोरा सुरेन्द्रको नागरिकतामा पनि थर 'खड्काथोकी' भयो । तब मात्रै सुरेन्द्रले तम्घासकै महेन्द्र नमूना माध्यमिक विद्यालयमा प्लस-टु पढ्न थाले । यो त प्रतिनिधिमूलक उदाहरण मात्रै हो । पछिल्लो समय सुरेन्द्रले जस्तै थर बलल्ने र जातिय विभेद विरुद्ध विद्रोह गर्ने दलित समुदायका युवाहरुको संख्या बढ्दै जान थालेको छ । तर दुर्भाग्य दलित अगुवाहरु नै राजनैतिक दलको चुनावी गोटीका रुपमा मात्रै प्रयोग हुँदा दलित आन्दोलन शिथिल हुँदा दलित युवाहरु विदेश भौतारिन बाध्य छन् ।

गुल्मीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमका अनुसार दलित समुदायबाट हिनताबोधको कारण देखाउँदै नागरिकता प्रमाणपत्रमा थर बदल्ने क्रम बढ्दो छ । जातिय विभेद -उपविभेदविरुद्ध युवा पुस्ता जागेका छन् ।'

गुल्मी जिल्ला अदालतका मेलमिलापकर्ता तथा जिल्लाका पुराना दलित नेता गणेश विश्वकर्माले नेपालमा दलित समुदायमाथि विभेद रहेको, अवसर पनि नपाएको कारण विदेशिने क्रम बढ्दो रहेको बताउँछन् । विदेशिने युवाहरुले विदेशमा जातीय भेदभाव महसुस गर्न नपर्ने र राम्रो अवसर र सम्मान पाएको उनको बुझाइ छ ।

बाबुको मृत्युपश्चात् परम्परागत आरन चलाउने पेशा ८ / ९ वर्षको उमेरदेखि गरेर पढ्दै गरेका गुल्मीकै मुसिकोट नगरपालिका -४ दजाकोटको मुमबहादुर विश्वकर्मा अहिले अष्ट्रेलियाको सिड्नी कलेजमा पुगेर डाक्टर बनेका छन् । उनले सपरिबार नसोचेकै सुखद जीवन बिताउँदै आएका छन् ।

# ५६ फरार प्रतिवादी पक्राउ

नेपालगञ्ज । जिल्ला प्रहरी कार्यालय, बाँकेले विभिन्न स्थानबाट विभिन्न अपराध गरेर लामो समयदेखि फरार भएका ५६ प्रतिवादीलाई पक्राउ गरेको छ । उनीहरूबाट पाँच वर्ष सात महिना २९ दिन कैद र रु १८ लाख ८६ हजार जरिवाना असूल उपर गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीका अनुसार फरार प्रतिवादी जबरजस्तीकरणी, कर्तव्य ज्यान, लागुऔषध कारोबार, चेक अनादार, बहुविवाहलगायत मुद्दाका रहेका छन् । यसअघि गत फागुनमा प्रहरीले ६५ फरार प्रतिवादी पक्राउ गरेको थियो ।

"यसमा अदालतले फैसला गरेका र केही मुद्दा मात्रै चलेका अभियुक्त छन् ।"-उनले भने । प्रहरीले चैत महिनाको अवधिमा ५६ फरार प्रतिवादी पक्राउका क्रममा रु ३ लाख ५९ हजार तीन सय ५० बराबरको भारतबाट भन्सार छली गरेर ल्याएको अवैध सामग्री बरामद गरेको थियो ।

अवैध तस्करीमा संलग्न रहेको आरोपमा तीन जनालाई नियन्त्रणमा लिइएको र ओसारपसारमा प्रयोग भएको एउटा जीप र तीन मोटरसाइकल बरामद गरी आवश्यक कारबाहीका लागि नेपालगञ्ज भन्सार कार्यालय पठाइएको प्रहरी नायब उपरीक्षक पातलीले बताए ।

चैत महिनामा दर्ता भएका एक सस ५८ मुद्दातर्फ एक सय ९३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको छ । तीन हजार सात सय २० सावरीसाधनका चालकलाई कारबाही गरी रु २९ लाख ५८ हजार राजस्व सङ्कलन गरिएको छ । सो अवधिमा ७१ सवारीसाधन दुर्घटना हुँदा सात जनाको मृत्यु तथा एक सय २० जना घाइते भएका थिए ।

विभिन्न स्थानबाट हराएका तथा चोरी भएका छ मोटरसाइकल र २६ स्मार्ट मोबाइल फोन फेला पारेर सम्बन्धित व्यक्तिलाई बुझाइएको प्रहरीले जनाएको छ ।


आवश्यकता

यस क्षेत्रको प्रतिष्ठित तथा अग्रणी शैक्षिक संस्था (A Graded School) स्कलर्स होम बोर्डिङ्ग सेकेण्डरी स्कूललाई देहाय बमोजिमको शिक्षक आवश्यक परेको हुँदा निम्न योग्यता पुगेका इच्छुक महानुभावहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित सम्पर्क गर्नुहोला ।

| तह/पद | योग्यता | कैफियत |
|---|---|---|
| प्रा.वि./अंग्रेजी शिक्षक (१) | सम्बन्धित विषयमा +२ वा सो सरह | अनुभवी तथा अंग्रेजी भाषामा दख्खल भएको |
| प्रा.वि./नेपाली(१) | सम्बन्धित विषयमा +२ वा सो सरह | अनुभवी तथा नेपाली भाषामा दख्खल भएको |
| ग्रेड शिक्षक (१) | सम्बन्धित विषयमा +२ वा सो सरह साथै तालिम प्राप्त | अनुभवी तथा अंग्रेजी भाषामा दख्खल भएको |

- दरखास्त दिने अन्तिम मिति: २०८२ वैशाख ०७ गतेसम्म
- परीक्षाको किसिम: कक्षा अवलोकन, लिखित र अन्तर्वार्ता ।

अनुभवी तथा अंग्रेजीमा दक्षलाई विशेष प्राथमिकता दिइनेछ ।

संस्कार सहितको व्यवहारिक शिक्षा सहित सिमित सिटमा शैक्षिक सत्र २०८२ को लागि कक्षा प्ले ग्रुपदेखि कक्षा ९ सम्म भर्ना खुलेको छ ।

स्कलर्स होम बोर्डिङ्ग सेकेण्डरी स्कूल
बुटवल-९, मिलनचोक, इन्द्रपुरीपथ
फोन: ०७१-५३०६५९, ५३१९७४, ५५३८४६, ९८५७०३६५१७








आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com